CONSTRUCTION
INDUSTRY COUNCIL
建造業議會

# फल्स सिलिङ इन्स्टलर
# इन्टरमिडियट ट्रेड टेस्ट
# नमुना प्राक्टिकल टेस्ट पेपर

此文件關於假天花工工藝測試考題。如有需要索取此文件的中文版本，請致電 2100 9000 與香港建造業工藝測試中心聯絡。
This document related to mock test paper of intermediate trade test for False Ceiling Installer. Should you require an English version of this document, please contact Hong Kong Construction Industry Trade Testing Centre at 2100 9000.

# डिस्क्लेमर

*CIC को लिखित अनुमतिबिना यस सामग्रीको कुनै पनि भागलाई कुनै पनि रूपमा वा कुनै पनि माध्यमबाट पुनरुत्पादन वा प्रसारित गर्न नपाइसक्छ । यस सामग्रीमा रहेका जानकारीले सत्यता सुनिश्चित गर्न उचित प्रयासहरू गरिएतापनि CIC ले पाठकहरूलाई सम्भव भएसम्म पेशासँग सम्बन्धित सल्लाहकारहरूसँग उपयुक्त स्वतन्त्र सल्लाह खोज्न प्रोत्साहन गर्छ र पाठकहरूले कुनै पनि सम्बद्ध कामहरू गर्दा यस सामग्रीलाई उक्त पेशासम्बन्धी सल्लाहको विकल्पको रूपमा लिनु वा निर्भर पर्नुहुँदैन ।*

# सोधपुछहरू

यस सामग्रीको सम्बन्धमा भएका सोधपुछहरू हङकङ कन्स्ट्रक्सन इन्डस्ट्री ट्रेड टेस्टिङ सेन्टरलाई निम्न ठेगानामा सोध्न सकिन्छ:


| | |
|---|---|
| 95, Yue Kwong Road | ९५ यु कोङ्ग रोड |
| Aberdeen | एबरडीन |
| Hong Kong | होंगकोङ्ग |

टेलिफोन: (852) 2100 9000

फ्याक्सः (852) 2100 9090

इमेल: enquiry@cic.hk

वेबसाइट: www.cic.hk


©२०२०कन्स्ट्रक्सन इन्डस्ट्रि काउन्सिल

# इन्टरमिडियट ट्रेड टेस्ट

जब टाइटल: फल्स सिलिङ इन्स्टलर

ग्रेड: सेमि-स्किल्ड वर्कर

परीक्षाका विषयवस्तु: तोकिएको स्थानमा सिलिङ फ्रेमवर्क इन्स्टलरका लागि वर्किङ प्लान I तथा II अनुसार निम्न कार्य पूरा गर्नुहोस्:


1. प्लान अनुसार मेटल फ्रेमवर्क इन्स्टल (जडान) गर्नुहोस् र भित्ता (वाल) हरूलाई सिल गर्न जिप्सम बोर्डलाई काट्नुहोस् (वर्किङ प्लान I) र लाइनहरूमा इन्क (मसि) लगाउनुहोस् (60%)
2. प्लान अनुसार मेटल फ्रेमवर्क एसम्बल (एकत्रित) तथा इन्स्टल (जडान) गर्नुहोस् र सिलिङलाई सिल गर्न जिप्सम बोर्डलाई काट्नुहोस् (वर्किङ प्लान II)। (40%)

परीक्षाको समय अवधि: 3 घण्टा

ध्यान दिनुपर्ने कुराहरू: (1) काम सुरु गर्नुभन्दा अगावै, परीक्षार्थीहरूले दिइएको "परीक्षार्थीहरूले ध्यान दिनुपर्ने कुराहरू" लाई पढ्नुपर्छ।


(2) यदि परीक्षार्थीले परीक्षा प्रक्रियामा उपयुक्त सुरक्षा सावधानीहरू अबलम्बन गरेनन्/गरिनन् भने उनलाई अनुत्तीर्ण भएको मानिनेछ।

(3) यो प्रश्नपत्र 4 पेजको छ जसको पूर्णाङ्क (फुल स्कोर) 100 प्वाइन्ट हो र 60 वा सोभन्दा माथिको स्कोर ल्याएमा उत्तीर्ण भएको मानिनेछ।




फल्स सिलिङ वर्कर (इन्टरमिडियट) वर्किङ प्लान I

सबै मापहरूमा मिलिमिटर मा छन्; यो प्लान वास्तविक अनुपातमा आधारित छैन।




सबै मापहरूमा मिलिमिटरमा छन्; यो प्लान वास्तविक अनुपातमा आधारित छैन।

फल्स सिलिङ वर्कर (इन्टरमिडियट) वर्किङ प्लान

स्पेसिफिकेसन तथा प्राविधिक आवश्यकताहरू:

1. मेटल फ्रेमहरूको भर्टिकल डेभियसन तथा होरिजन्टल लेभलिङ इन्क लाइनहरूको टोलेरेन्स ≦ 5mm (कम्पोनेन्ट लम्बाइभित्र);
2. प्लानका नापहरूसँग मेल खुवाउन मेटल ग्रिड सिलिङहरू र नापको टोलेरेन्स ≦ 10mm ；
3. मेटल ग्रिड सिलिङ ह्याङ्गर संरचनाहरू स्थिर छन् र जिप बोर्ड कटहरू सही, सपाट तथा चिल्ला छन् (≦ 5mm) ； जिप बोर्डहरू राम्रोसँग निर्माण गरिएका छन् र तिनीहरूलाई जोइनिङ स्पेसहरूबाट राम्रोसँग जोडिएका छन् ≦ 5mm ；
4. जिप बोर्ड स्क्रुहरू पर्याप्त मात्रामा सही तरिकाले जडान गरिएका छन् र बोर्ड सरफेस (सतह) बाट बाहिर निक्लिएको देखिएका छैनन्। स्क्रुहरू बीचको दुरीहरू पार्टिसन वाल प्यानलहरूका लागि 300mm र मेटल ग्रिड सिलिङ जिप प्यानलहरूका लागि 200mm हुन्छन्, इरर (त्रुटी) टोलेरेन्स ±50mm हुनुपर्छ; जिप बोर्डहरूलाई छेड्ने स्क्रुहरूलाई अनिवार्य रूपमा थपिनुपर्छ।

परीक्षार्थीहरूले ध्यान दिनुपर्ने कुराहरू:

1. परीक्षार्थीहरूले प्रश्नपत्रहरू ध्यान दिएर पढ्नुपर्छ र नबुझेको कुराहरू परीक्षकसँग सोध्न सक्छन्।
2. प्रश्नपत्रमा यदि कुनै ड्रइंग तथा स्पेसिफिकेसनहरू दिइएका छन् भने परीक्षार्थीहरूले परीक्षा सुरु हुनुभन्दा अगावै तिनीहरूलाई ध्यान दिएर पढ्नुपर्छ।
3. परीक्षार्थीहरूले दिइएका प्रश्नपत्र, ड्रइंग तथा स्पेसिफिकेसनहरू अनुसार परीक्षा दिनुपर्छ।
4. परीक्षार्थीहरूले परीक्षामा आउँदा सुरक्षा जुत्ता आफैले लिएर आउनुपर्नेछ। अन्य चाहिने सुरक्षा सामाग्रीहरू भने ट्रेड टेस्टिङ सेन्टरबाट नै उपलब्ध हुनेछ। परीक्षार्थीहरूले कार्यस्थल सुरक्षाको सुनिश्चितता गर्न सबै सुरक्षा सावधानीहरूलाई अनिवार्य पालना गर्नुपर्छ।
5. परीक्षामा चाहिने सबै औजार तथा सामाग्रीहरू ट्रेड टेस्टिङ सेन्टरबाट नै उपलब्ध हुनेछ र उपलब्ध गरिएका औजार तथा सामाग्रीहरूको पर्याप्तता तथा गुणस्तर चेकजाँच भने परीक्षार्थीहरू आफैले गर्नुपर्नेछ। परीक्षार्थीहरूले सबै औजार तथा सामाग्रीहरू ट्रेड प्राक्टिस अनुसार सही तरिकाले प्रयोग गर्नुपर्नेछ। परीक्षार्थीहरूले परीक्षापछि सबै औजारहरू ट्रेड टेस्टिङ सेन्टरलाई अनिवार्य फिर्ता गर्नुपर्छ। यदि कुनै समस्या भएमा परीक्षार्थीहरूले परीक्षकसँग सोध्न र बुझ्न सक्छन्।
6. परीक्षार्थीहरूले परीक्षामा र सम्बन्धित कामहरू गर्न प्रयोगका लागि दिइएका औजार तथा सामाग्रीहरूलाई सम्हालेर चलाउन तथा सार्न आवश्यक हुन्छ।
7. परीक्षा भइरहेको बेलामा परीक्षकले रेकर्डको लागि समय-समयमा फोटो खिचेर राख्नुहुनेछ।
8. परीक्षार्थीहरूलाई क्यामेरा वा मोबाइल फोनहरूबाट कुनै पनि फोटो वा भिडियो खिच्न अनुमति हुँदैन।
9. आकस्मिक अवस्थामा बाहेक परीक्षार्थीहरूलाई ट्रेड टेस्टको समय अवधिभर आफ्नो मोबाइल फोन प्रयोग गर्न अनुमति हुँदैन।
10. तल लेखिएका मापदण्डहरूमा आधारित रहेर मार्किङ (नम्बर दिने) गरिन्छ:
    - a) ड्रइंग तथा स्पेसिफिकेसनको सही बुझाइ
    - b) परीक्षाभन्दा पहिला सबै चाहिने तयारी
    - c) कार्यहरूको (काम गर्ने) प्रक्रियाहरू
    - d) कार्यहरूको स्पष्टता तथा गुणस्तर
    - e) कार्यहरूको प्रगति
    - f) सामग्रीहरूलाई सही ढङ्गले चलाउने तथा प्रयोग गर्ने
    - g) औजार तथा उपकरणहरूलाई सही ढङ्गले प्रयोग गर्ने
    - h) सुरक्षा सावधानीहरूको पालना
    - i) अरु ट्रेडहरूको बारेमा सोच्ने र विचार गर्ने
    - j) परीक्षा सकिएपछि समानहरूलाई मिलाउने र सरसफाइ
11. समय सकिने बित्तिकै सबै परीक्षार्थीहरूले परीक्षालाई अनिवार्य रोक्नुपर्छ।
12. परीक्षा सकिएपछि परीक्षार्थीहरूले प्रश्नपत्र अनिवार्य रूपमा परीक्षकलाई बुझाउनुपर्छ।
13. परीक्षकलाई घुस दिने प्रस्ताव गर्नु कानूनी अपराध हो र त्यस्तो केसहरूलाई ट्रेड टेस्टिङ सेन्टरले आइ.सी.ए.सी. (ICAC) मा रिपोर्ट गर्नेछ।

**यदि परीक्षार्थीले कुनै पनि आवश्यक सुरक्षा सावधानीहरू पालना गर्न नसकेको र/वा कुनै डरलाग्दो स्थितिहरूमा काम गरेको खण्डमा उनी फेल भएको मानिनेछ।**